# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

## THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.

Ref. No.

## लेखापरीक्षण सेवाको विज्ञापन गर्न नपाईने सम्बन्धमा सम्बद्ध सम्पूर्णको लागि ध्यानाकर्षण सहित जारी गरिएको सार्वजनिक सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।०४।२० गते)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था नेपालमा लेखा व्यवसायको विकास, संरक्षण, सम्वर्द्धन तथा नियमनका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ बमोजिम स्थापना भएको एक नियमनकारी निकाय भएको व्यहोरा विदितै छ।

हालै विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्जाल तथा होर्डिङ बोर्डहरूमा गैर लेखाव्यवसायी व्यक्ति फर्म तथा कम्पनीहरूले लेखापरीक्षण सेवाको विज्ञापन प्रकाशित गर्ने गरेको सामाजिक सञ्जालमा आएको सामाग्रीप्रति यस संस्थाको गम्भीर ध्यानाकर्षण भएको छ। यस संस्थाबाट कानुन बमोजिमको प्रक्रिया पुरा गरी लेखा व्यवसायीको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले मात्र यस संस्थाले तोकेको मापदण्ड बमोजिम लेखापरीक्षण सेवा प्रदान गर्न सक्ने र लेखापरीक्षण सेवाको विज्ञापन गर्न नपाइने कानुनी व्यवस्था रहेको हुँदा गैर लेखाव्यवसायी जो कोही व्यक्ति, फर्म तथा कम्पनीहरूले लेखापरीक्षण सेवालाई समेत समेटेर विज्ञापन गर्ने कार्य गैरकानुनी भएको जानकारी गराउँदै सो नगर्न नगराउनु हुन यसै सूचनाद्वारा सम्बन्धित सबैमा सूचित गरिन्छ।

कानुन विपरीत कसैले लेखापरीक्षण कार्य गरेको वा सो सम्बन्धी विज्ञापन तथा विज्ञापनमूलक सन्देशहरू कुनै पनि माध्यमबाट प्रकाशन वा प्रशारण गरेको पाईएमा त्यस्ता सम्बन्धित व्यक्ति, फर्म तथा कम्पनीहरूलाई प्रचलित कानुन बमोजिम आवश्यक कारबाही अघि बढाइने व्यहोरा यसै सूचनामार्फत सम्बन्धित सबैलाई जानकारी गराइन्छ।


**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**

**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**

**(Established under The Nepal Chartered Accountants Act, 1997)**

ICAN Marg, Satdobato, Lalitpur

Post Box No.: 5289, Tel.: 5430730, 5430832

Web: http://www.ican.org.np, Email: ican@ntc.net.np


2082.04.20